धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madesh Province Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७९/८०
च.नं.(Ref.No.):

मितिः२०७९।१०।२९

सुचना ! सुचना !! सुचना !!!

**विषयः किसान सूचीकरण तथा वर्गिकरण कार्यक्रम अन्तरगत तथ्यांक संकलनहरुको लागी आवेदन दिने बारेको सुचना ।**

यस धनगढीमाई नगरपालिकाको आ.व.२०७९।०८० को वार्षिक संघिय स-शर्त अनुदान अन्तंर्गत किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार किसानको पहिचान तथा वर्गिकरण गरी सरकारी तबरबाट किसानहरुलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहका साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विधुतिय प्रणाली मार्फत संकलन गरि किसान सूचिकरण तथा वर्गिकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ। तिसर्थ उक्त किसान सूचिकरण र वर्गिकरण सहितको किसान परिचय-पत्र वितरण कार्यक्रम कार्यान्वयन गर्नको लागी जारी गरिएको किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्य विधि २०७७को परिच्छेद ७दफा १९को जनशक्ति व्यवस्थापन अन्तर्गत यस नगर पालिकाको किसान सूचीकरणको लागी १ देखि४ वटा वडामा तथा वर्गिकरणको लागी १ देखि१४ वटै वडामा तथ्यांक संकलन कर्ता ६४ जना नियुक्ति गर्नु पर्ने भएकोले ईच्छुक तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिले आवश्यक विवरण सहित सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस धनगढीमाई नगरपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कार्वाही नहुने व्यहोरा अनुरोध छ ।

<u>तपसिलः</u>

**१.आवश्यक न्यूनतम योग्यता**

(क) न्युनतम शोभाविक योग्यता १०+२ उतिर्ण भएको

(ख) कम्प्युटर तथा इन्टरनेट संचालन सम्बन्धी ज्ञान भएको

(ग) एन्ड्रोईट फोन वा स्मार्टफोन वा ट्यावलेट वा ल्यापटप भएको

**२.आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु**

(क)शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

(ख) नेपाली नागरिकताको प्रतिलिपी

(ग) रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन

*सेवा सुविधाको हकमा तथ्यांक संकलन कर्तालि प्रति घर धुरी रु.७५को दरले (पुर्ण विवरण भरी सकेपछी) उपलब्ध गराईनेछ।*

नोटः छोटो सूचीमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा मात्र बोलाईने छ।तथा(तथा सम्बन्धित वडाको संकलन कर्ता अनिवार्य हुनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत